## CHILIME HYDROPOWER COMPANY LIMITED

Dhumbarahi, Kathmandu

### Balance Sheet as on 17th Oct, 2017 (Unaudited)

(Rs.'000)

| Particulars | F.Y. 2074/075 (As on 17th Oct, 2017) | F.Y. 2073/074 (As on 15th July, 2017) | F.Y. 2073/074 (As on 16th Oct, 2016) |
|---|---|---|---|
| **Capital & Liabilities** | | | |
| Share Capital | 34,47,924.48 | 34,47,924.48 | 31,34,476.80 |
| Reserve Fund & Accumulated Profit | 52,15,357.85 | 49,06,214.37 | 46,39,097.00 |
| Long Term Liabilities | 1,77,340.08 | 1,77,340.08 | 85,551.00 |
| **Total** | **88,40,622.41** | **85,31,478.93** | **78,59,124.80** |
| **Non Current Assets** | | | |
| Net Fixed Assets | 19,09,637.49 | 19,26,953.92 | 16,09,059.00 |
| Work-in-Progress | 5,593.70 | 5,593.70 | - |
| Investment | 57,96,565.74 | 57,45,266.08 | 49,88,231.70 |
| **Total non Current Assets** | **77,11,796.93** | **76,77,813.70** | **65,97,290.70** |
| **Current Assets** | | | |
| Inventory | 1,67,121.04 | 1,75,415.82 | 1,79,197.00 |
| Receivables | 2,45,384.14 | 1,22,069.45 | 2,73,160.00 |
| Cash & Bank | 3,17,300.54 | 1,53,851.18 | 4,92,089.00 |
| Deposit, Advance, Pre-payments and Short-term Investment | 4,74,442.15 | 4,95,252.56 | 3,73,314.00 |
| **Total Current Assets** | **12,04,247.87** | **9,46,589.01** | **13,17,760.00** |
| **Less: Current Liabilities & Provision** | | | |
| Payables | 58,910.52 | 57,522.08 | 5,642.00 |
| Provisions | 16,511.87 | 35,401.70 | 50,283.90 |
| **Total Current Liabilities** | **75,422.39** | **92,923.78** | **55,925.90** |
| **Net Current Assets** | **11,28,825.48** | **8,53,665.23** | **12,61,834.10** |
| **Total** | **88,40,622.42** | **85,31,478.93** | **78,59,124.80** |

### Profit & Loss Accounts for the Period ended 17th Oct, 2017 (Unaudited)

(Rs.'000)

| Particulars | F.Y. 2074/075 (As on 17th Oct, 2017) | F.Y. 2073/074 (As on 15th July, 2017) | F.Y. 2073/074 (As on 16th Oct, 2016) |
|---|---|---|---|
| Electricity Sales | 3,69,562.24 | 11,96,889.74 | 3,63,128.00 |
| Cost of Sales | (32,276.80) | (1,31,807.86) | (19,084.00) |
| **Gross Profit** | **3,37,285.44** | **10,65,081.88** | **3,44,044.00** |
| Other Income | - | 4,245.99 | - |
| Depreciation Expenses | (17,479.79) | (69,907.10) | (27,242.00) |
| Administrative Cost | (9,251.59) | (73,530.50) | (11,204.00) |
| **Operating Profit** | **3,10,554.06** | **9,25,890.27** | **3,05,598.00** |
| Interest Income | 6,405.76 | 39,349.97 | 2,371.00 |
| Assets Written-off | - | (1,858.31) | - |
| **Profit before Tax** | **3,16,959.82** | **9,63,381.93** | **3,07,969.00** |
| Employees Bonus Provision | (6,214.90) | (18,889.84) | (6,038.61) |
| Income Tax Provision | (1,601.44) | (10,898.99) | (593.00) |
| Differed Tax | - | 431.60 | - |
| Actuarial Gain (Loss) on remeasurements of defined benefit plans | - | 3,097.02 | - |
| **Profit after Tax** | **3,09,143.48** | **9,37,121.72** | **3,01,337.39** |

### अनुसूची-१४

**१. वित्तिय विवरण :**

(क) त्रैमासिक अवधिको संक्षिप्त वासलात र नाफा/(नोक्सान) सम्वन्धी विवरणहरू यसै साथ सम्लग्न गरिएको छ ।

(ख) प्रमुख वित्तिय सूचकहरू :

| क्र.सं. | विवरण | आ.व. २०७४/०७५ प्रथम त्रैमासिक अवधी | आ.व. २०७३/०७४ प्रथम त्रैमासिक अवधी | कैफियत |
|---|---|---|---|---|
| १ | प्रतिसेयर आम्दानी (रू.) | ३५.८६ | ३८.४५ | वार्षिकिकरण गरिएको |
| २ | P/E Ratio | २४.६७ | ३१.८७ | वार्षिकिकरण गरिएको |
| ३ | प्रति सेयर नेटवर्थ (रू.) | २५१.२६ | २४८.०० | |
| ४ | प्रतिसेयर कुल सम्पत्तिको मूल्य (रू.) | २५८.५९ | २५२.५२ | |
| ५ | तरलता अनुपात | १५.९७ | २३.५६ | |

**२. व्यवस्थापकीय विश्लेषण :**

(क) गत आ.व. २०७३/०७४ को अनुपातमा यस आ.व. २०७४/०७५ को आश्विन मसान्तसम्म पानीको वहाव उच्च भएका कारण अधिक विक्रीमा पनि सामान्य रूपमा वृद्धि हुन गएकोले गर्दा १.७७ प्रतिशतले विद्युत आयमा बृद्धि भएको छ भने १७०.१७ प्रतिशतले व्याज तथा अन्य आम्दानीमा वृद्धि भएकोछ । हालको नगद मौज्दातलाई संस्थापक सेयर लगानी वापत भुक्तानी दिन, लाभांश दिन, नयाँ आयोजनाको पहिचान तथा अध्ययन गर्न र कार्यालय संचालनार्थ उपयोग गर्दै लगिने छ ।

(ख) कम्पनीको नाफा र नगद प्रवाहमा प्रतिकूल असर पर्ने खालको घटना र अवस्था देखिएको छैन । तर मानविय नियन्त्रण भन्दा वाहिरको दैवि प्रकोप (कावु वाहिर) को असर भने सदा रहिरहने ।

**३. कानुनी कारवाही सम्वन्धी विवरण :**

यस कम्पनीले १५ बर्षसम्म आयकर (Corporate Tax) छुट पाएको सन्दर्भमा आ.व. २०६०/०६१ देखि २०७०/०७१ सम्म आयकर व्यवस्था नगरिएको भएतापनि ठूलाकरदाता कार्यालयले विद्युत विक्री वाहेक अन्य आम्दानीमा कर छुट नहुने गरी निर्णय गरेको र कम्पनीले पनि सोही अनुसार कर तिर्ने निर्णय गरेको छ । तर आ.व. २०६०/०६१ को हकमा भने ठूलाकरदाता कार्यालय नै अपिलमा गएको र आ.व. २०६८/०६९ को हकमा ठूलाकरदाता कार्यालयले गणना गरेको करको तरिकामा चित्त नवुझि कम्पनीले आन्तरिक राजस्व विभागमा प्रशासकीय पुनरावलोकनका लागि निवेदन दिएकोमा हालसम्म कुनै निर्णयको जानकारी आएको छैन । साथै सो वापत तिर्नु पर्ने करका कारण कम्पनीको सञ्चित मूनाफामा असर गर्ने व्यहोरा सम्वन्धित सवैको जानकारीका लागि यहाँ उल्लेख गरिएको छ ।

**४. संगठित संस्थाको सेयर कारोवार सम्वन्धी विश्लेषण :**

(क) सेयरको वजार मूल्यमा असाधरण तरिकाले थप/घट हुने गरी कम्पनी व्यवस्थापनबाट कुनै कार्यहरू गरिएको छैन । संस्थाले अपेक्षित नाफा आर्जन गर्न सफल भएको र आगामी दिनमा अझ बढी सफलता हासिल गर्ने कुरामा व्यबस्थापन पक्ष विश्वस्त रही सम्वन्धीत लगानीकर्ताहरूलाई पनि विश्वस्त गराउन चाहन्छ ।

(ख) मिति २०७३/०९/२९ गतेको २०औं बार्षिक साधारण सभाले पारित गरे बमोजिम साधारण सभा भएको मितिमा सेयरधनी दर्ता कितावमा नाम दर्ता रहेका सेयरधनीहरूले पाउने गरी कम्पनीको चुक्ता पुँजीको १० प्रतिशत नगद लाभांश तथा मुनाफा रकमबाट चुक्ता पुँजीको १० प्रतिशत वोनश सेयर वितरण गर्ने प्रस्ताव पारित भए अनुसार सेयरधनीलाई घोषित प्रतिफल वितरण गर्ने कार्य गरिएको छ । वोनश सेयरलाई पुँजिकरण गरी देखाइएको छ । वोनश सेयर वितरणका लागि सम्वन्धित सेयरधनीको डिम्याट खातामा जम्मा गरिदिने योजना अनुरूप काम भई रहेको छ । वोनश सेयर डिम्याट गराउन नसकेका सेयरधनीहरूको हकमा सेयर रजिष्ट्रार श्री सिद्धार्थ क्यापिटल लि. मार्फत भौतिक सेयर प्रमाणपत्रहरू वितरण भइरहेको छ ।

(ग) त्रैमासिक अवधिको सेयर कारोवार सम्वन्धी विवरण :

| सेयरको अधिकतम मूल्य (रू.) | सेयरको न्यूनतम मूल्य (रू.) | सेयरकोअन्तिम मूल्य (रू.) | कारोवार भएको कुल दिन | कारोवार संख्या |
|---|---|---|---|---|
| ८९९ | ७४० | ८८५ | ५६ | ५२९२२९ |

**५. समस्या र चुनौती :**

मुख्य प्रवर्द्धकको रूपमा रहेको यस कम्पनी अन्तरगतका सम्वद्ध कम्पनीहरू अन्तरगत प्रवर्द्धित कुल २७०.३ मेगावाट क्षमताका चार वटा जलविद्युत आयोजनाहरू निर्माणका क्रममा रहेका छन् । उक्त आयोजनाहरूको निर्धारित निर्माण तालिका अनुसार निर्माण सम्पन्न गराउनु मुख्य चुनौती रहेको छ भने पुर्वानुमान भन्दा वाहिर हुने दैवी प्रकोपको सामाना गर्नु पर्ने चुनौती भने सदा रहिरहने । साथै वदलिँदो राजनैतिक तथा सामाजिक परिभेषमा उपरोक्तानुसारका जलविद्युत आयोजनाहरूको अतिरिक्त नयाँ आयोजनाहरू पहिचान तथा विकास गर्नु पनि चुनौति रहेको छ ।

**६. संस्थागत सुशासन :**

कम्पनीको आर्थिक तथा प्रशासनिक कार्यलाई व्यवस्थित गर्न आर्थिक प्रशासन विनियमावली र कर्मचारी व्यवस्थापनको लागि कर्मचारी सेवा शर्त विनियमावली लगायतका नियम/विनियमावलीहरू संचालक समितिबाट स्वीकृत गराई लागू गरिएको छ । कम्पनी ऐन, २०६३ को प्रावधान बमोजिम लेखापरीक्षण समिति गठन गरिएको छ । त्यस्तै गरी पदपूर्ति समिति, खरिद मूल्याङकन उप-समिति तथा आवश्यकता अनुसार अन्य उप-समितिहरूको गठन गर्ने गरिएको छ । आन्तरिक लेखापरीक्षणको व्यवस्था गरिएको छ । संस्थागत सुशासन एवं सुदृढिकरण अन्तरगत विभिन्न किसिमका तालिम, अवलोकन भ्रमण तथा गोष्ठीहरू जस्ता विषयलाई पनि प्रथामिकता दिने गरिएको छ ।

**७. विविध सम्वन्धमा :**

यस कम्पनिको केन्द्रीय कार्यालय रहेको जग्गामा चिलिमे टावर निर्माणका लागि वोलपत्र आह्वान गर्ने तयारी भइ रहेको छ । चिलिमे जलविद्युत कम्पनी लि. ले यस आ.व. २०७४/०७५ मा दुई नयाँ जलविद्युत आयोजनाहरूको सर्वे अनुमति पत्र पाइसकेको छ । संभाव्यता अध्ययनका लागि तयारीका कामहरू भई रहेका छन् । यस कम्पनी अन्तर्गतका सम्वद्ध कम्पनीहरू मार्फत निमार्णाधिन जलविद्युत आयजनाका विभिन्न कामहरू तदारूक्ताका साथ अगाडि बढिरहेको अवस्था छ । उक्त कम्पनीहरूको सर्वसाधारणलाई सेयर निकाल्ने कार्यको तयारी अन्तिम चरणमा पुगेको छ ।

**८. प्रमुख कार्यकारी अधिकृतको उद्घघोषण :**

यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरूको शुद्धता सम्वन्धमा म व्यक्तिगत रूपमा उत्तरदायी छु । साथै म यो उद् घोष गर्दछुकी मैले जाने वुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरू सत्य तथ्य र पूर्णतामा आधारित छन् भनी विश्वास लिएको छु । लगानी कर्ताहरूलाई समुचित निर्णय लिन आवश्यक कुनै विवरण सूचना तथा जानकारीहरू लुकाइएको छैन भन्ने कुरामा पनि म विश्वस्त छु । थप जानकारी आवश्यकता महशुस गरी कम्पनीमा सम्पर्क राख्न आउने लगानीकर्ताहरूको प्रयासलाई सधै स्वागतयोग्य कदम ठान्ने छु ।